स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



भारतमा जारी मिस वर्ल्डको महत्वपूर्ण विधा 'ब्युटी विथ पर्पस'को उत्कृष्ट १० मा नेपालकी प्रियंकारानी जोशी छनोट भएकी छन् । सोमबार भएको यो विधाको प्रतिस्पर्धामा सेमिफाइनलिस्ट घोषित भएसँगै नेपालले आफू दाबेदार रहेको सन्देश दिएको छ । उत्कृष्ट १० मा नेपालसहित बोत्स्वाना, ब्राजिल, चेक रिपब्लिक, इण्डोनेसिया, तान्जानिया, ट्रिनिडाड एण्ड टोबागो, टर्की, युगाण्डा र युक्रेन पनि छनोट भएका छन् । प्रियंका यसअघि 'हेड टु हेड च्यालेन्ज' विधाको उत्कृष्ट २५ मा छनोट भएकी थिइन् ।

**आजको विचार...**



विष्णुप्रसाद खनाल

मिटरब्याज...
(दुई पेजमा)



सांगीतिक प्रस्तुति दिन पर्वत पुगेकी गायिका एलिना चौहान र साउण्ड टेक्निसियनबीच 'लाइभ कन्सर्ट'मै भनाभन भएको छ । साउण्ड मिलाउने कुरालाई लिएर दुईजनाबीच चर्काचर्की भएको देखिन्छ । यो भिडियो अहिले सामाजिक संजालमा भाइरल बनिरहेको देखिन्छ । पर्वतमा जारी तेस्रो ऐतिहासिक मगर राष्ट्रिय महोत्सवको क्रममा यस्तो भनाभन भएको हो । भिडियोमा एलिनाले टेक्निसियनलाई साउण्ड मिलाउन आग्रह गरिरहेको देखिन्छ । ती प्राविधिकले चाहिँ 'भोकललाई क्लियर गरेर हामीसँग लेबल माग्नु' भनेर जवाफ दिएका छन् ।

❑ वर्ष २९ ❑ अंक २१८ ❑ २०८० फागुन २३ गते बुधबार 6 March 2024, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गत वर्ष इरानमा ८ सय ३४ लाई मृत्युदण्ड

**(रासस/एएफपी)**

**पेरिस,** फागुन २२/इरानले गत वर्ष कम्तीमा ८ सय ३४ जनालाई मृत्युदण्ड दिएको दुई अधिकार समूहले मंगललबार बताएका छन् । इरानमा मृत्युदण्डको सजाय बढ्दै गर्दा उक्त संख्या सन् २०१५ यताकै उच्च हो ।

इरानले हालैका वर्षहरूमा फाँसी दिएर कार्यान्वयन गरेको मृत्युदण्डको संख्या सन् २०२२ मा करिब ४३ प्रतिशतले बढेको छ । नर्वेस्थित ह्युमन राइट्स (आइएचआर) र पेरिसस्थित टुगेदर अगेन्स्ट द डेथ पेनाल्टीको संयुक्त प्रतिवेदनमा एक वर्षमा आठ सयभन्दा बढी मृत्युदण्डको सजाय दुई दशकमा यो दोस्रो पटक भएको बताएका छन् । सन् २०१५ मा नौ सय ७२ लाई मृत्युदण्ड दिइएको थियो । दुवै समूहले इरानमाथि सन् २०२२ सेप्टेम्बरमा महसा अमिनीको प्रहरी हिरासतमा भएको मृत्युपछि अधिकारीहरूलाई हल्लाएको विरोध प्रदर्शनका क्रममा इरानले समाजमा डर फैलाउनका लागि मृत्युदण्डको सजायको प्रयोग गरेको आरोप लगाएका छन् । आइएचआरका निर्देशक महमुद अमिरी-मोघद्दमले प्रतिवेदनमा भनेका छन्, "सामाजिक त्रास उत्पन्न गर्नु भनेको सत्तामा टिकिरहने शासनको एक मात्र तरिका हो र मृत्युदण्ड यसको सबैभन्दा महत्त्वपूर्ण साधन हो ।" प्रतिवेदनमा आठ सय ३४ को आँकडालाई 'आश्चर्यजनक कूल' भनिएको छ ।

# निसेलढोरवासी भन्छन्- 'सडक आयो, मोबाइलटावर भयो, विद्युत सुविधा भएन'

**रासस**

**ढोरपाटन (बागलुङ),** फागुन २२/ बागलुङको निसीखोला गाउँपालिका-५ निसीलढोरका स्थानीय बिरामी परे उपचारका लागि एक दिन पूरै धाएर बुर्तिबाङ बजार आउनुपर्थ्यो । आफन्तलाई फोन गर्न गाउँमाथिको अग्लो डाँडामा पुग्नुपर्थ्यो । तर अहिले त्यो दुवै समस्या समाधान भएको छ । एक दशक अगाडि नै मोटरबाटो पुगेको हुँदा यात्रामा पनि सहज नै छ । तर अहिलेसम्म अन्धकारमा बस्न बाध्य स्थानीयले गाउँमा विद्युत ल्याइदिन माग गरेका छन् ।



फाइल फोटो

जिल्लाको सबैभन्दा दुर्गम मानिने निसलढोरका स्थानीयले गोबरको गुइठा, दियालो र टुकीको भरमा रात कटाउने गरेका छन् । सामान्य भए पनि स्वास्थ्य सेवा दिने हिसाबले गाउँपालिकाले गत जेठ महिनामा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सेवा प्रवाह गर्दै आएको छ । नेपाल टेलिकमले निसीखोलाको शिरमा टावर निर्माण गरेर गत असोजबाट मोबाइल 'नेटवर्क' सञ्चचालन गरेको छ । गाउँमा हुनेखानेले त सौर्य ऊर्जा (सोलार)को प्रयोग गरेका छन् भने सामान्य परिवार अन्धकारमै छन् । स्थानीय मनबहादुर विकले गाउँमा विस्तारै विकासले गति लिन थाले पनि वर्षौंदेखि अन्धकारमा बस्नुपर्ने बाध्यता हट्न नसकेको गुनासो गरे । विद्युतको सुविधा नहुँदा मोबाइल फोनमा टावरले काम गरे पनि बेँसीमा बस्ने आफन्तसँग कुराकानी गर्न नपाइने उनको भनाइ छ । एउटा मोबाइल फोन चार्ज गर्नका लागि तीन घण्टा हिँडेर ढोरपाटन उपत्यका पुग्नुपर्ने स्थिति रहेको उनले बताए । "गाउँका विकास नभएको होइन, विस्तारै हुँदै छ, हाम्रो मुख्य समस्या अहिले बिजौली (बिजुली) बत्तीको छ, सरकारलाई हाम्रो पीडा सुनाएका छौँ, कहिले आउँछ भन्ने अत्तोपत्तो छैन, आउन त आउला एक दिन तर हामीहरूलाई निकै खाँचो छ", विकले भने, "पहिला-पहिले बेँसी (निसीगाउँ)मा बस्दा त बिजौलीको सुविधा थियो, यहाँ आएपछि तर अँध्यारोमा बस्नुबाहेक अरु विकल्प छैन, सानो मोबाइल चलाउँछु चार्ज गर्न ढोरपाटन पुग्नुपर्छ, कहिलेकाहीँ अतेरलाग्दा आफन्तलाई फोन गर्नुपर्छ ।" पाँच वर्ष अगाडिसम्म निसेलढोर निसीका स्थानीय बर्खामा पुशचौपाय चरन र खेतीपातीका लाग आउने गर्थे भने हिउँदमा बेँसीमै बस्थे । तर अहिले करिब ६० घर परिवार बाह्रै महिना यही बस्न थालेका छन् । स्वास्थ्य संस्था सञ्चालनमा आएपछि बुर्तिबाङ जानुपर्ने समस्या समाधान भएको स्थानीय कलीकुमारी सुनारले बताइन् । विद्युत नहुँदा साँझ पर्दाबित्तिकै खाना खानुपर्ने र बालबालिकाले साँझमा पढ्न नपाउने उनको भनाइ छ । उनले भनिन्, "यो ठाउँमा कहिले बिजुली आउँछ ?, कि हामी सधैँ यस्तै अँध्यारोमा बस्नुपर्ने हो ?, सबै ठाउँमा पुग्यो यहाँ अहिलेसम्म नआउँदा हामीहरू निकै मर्कामा छौँ, हाम्रो समस्या बुझ्ने नेता नभएर हो कि, बिजुलीबिनाको टावर छ, मोबाइल अफ छन्, बिजुली हुन्थ्यो भने टिभी चलाउन पाइन्थ्यो, टाढा-टाढाका घटना, समाचार देख्न पाइन्थ्यो, के गर्नु छैन ।" निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले भौगोलिक विकटताका कारण अहिलेसम्म निसेलढोरमा विद्युत पुऱ्याउन नसकेको बताए । विद्युतको पहुँच पुऱ्याउनका लागि स्थानीय जलविद्युत र विद्युत प्राधिकरणसँग छलफल भइरहेको उनको भनाइ छ । आफू निर्वाचित हुनु पूर्वदेखिनै यहाँ विद्युत पुऱ्याउने विषयमा माथिल्लो निकायसँग माग गरेको जनाउँदै उनले अब केही समयमा यहाँका नागरिकले विद्युत बाल्न पाउने जानकारी दिए ।


## बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानुनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानुनी व्यवस्था छ ।


नेपाल सरकार
**विज्ञापन बोर्ड**

''पाल्पामा कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार, छ सम्भावना अपार''

**सबैको उत्सव, तानसेन महोत्सव**

**तानसेनको टुँडिखेल जाऔं, तानसेन महोत्सव २०८० मा सहभागी बनौं**

फागुन १९ देखि २९ गतेसम्म टुँडिखेल मैदान, तानसेन, पाल्पा



मुख्य आयोजक
**तानसेन नगरपालिका**
तानसेन, पाल्पा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## गठबन्धनको कहर

नेपाली राजनीतिले यो साता नया कहर थपेको छ । देशले प्रचण्डमयी तापलाई पूर्व र पश्चिम दिशादेखि परपीडा भएको अनुभूत गरिरहेको छ । अप्रत्यासित रुपमा देखापरेको सत्ता समीकरणमा देखापरेको परित्यक्ततासँगै अर्को सामिप्यताले गर्दा देशले कुन क्षणमा के कस्ता सारथी प्राप्त गर्छ भन्ने कुराको अनुमान र कल्पना गर्ने गाह्रो भएको महशुस भएको छ । भर्खरमात्रै भएको सत्ता गठबन्धनका साथ बन्ने सरकारको आकार प्रकार र कार्यदिशा के कस्ता बन्ने हुन भन्ने जिज्ञासा अहिले जतातत्तै व्याप्त छन् । यी र सबै खाले व्याप्त चर्चा र जिज्ञासाका जवाफ भने आमजनताका आवश्यकताले हरेक कोणबाट खोजिरहेको अनुभूती भइरहेको छ । प्रचण्ड अर्थात हिजो र आजका प्रधानमन्त्री पुष्पकमल दाहालको राजनैतिक वृतचित्रले हरेक कोणमा उनैलाई खोजी गरिरहेका छन् र सधैं त्यसको जवाफ राजनेताहरुले दिनै पर्नेहुन्छ । नेपाली राजनेताहरु प्रति आमजनमानसले चाहेको आशा र विश्वासलाई कुन रुपमा नतिजा खोज्ने हुन् भन्ने कुराप्रति अझै पनि वेवास्ता गरियो भने भोलिको मुलुक पूर्व र पश्चिमका शक्तिकेन्द्रहरुको दास हुने बाहेक अरु केही पनि हुन सक्दैन ।

नेपाली काँग्रेस, एमाले, माओवादी केन्द्र जस्ता ठुला पार्टीहरुले आफ्नो शक्ति र योगदानलाई बिर्सिए भने देशमा सधैंभरि राजनैतिक अस्थिरताको सिकार भइरहने समस्या समाधान हुन सक्दैन । त्यसकारण पुराना दलहरुका अनुभव र नयाँ पुस्ताको जोसलाई फ्युजनका रुपमा अगाडि बढाउँदै, राजनैतिक स्थिरताको पाटोलाई फराकिलो गर्नुपर्ने हुन्छ । अन्यथा नेपाली जनता र मुलुकले सधैंभरि गठबन्धनको कहर सहने बाहेक अरु केही पनि हुन सक्दैन । त्यसकारण परिपक्व राजनैतिक चरित्रमा इमानदारिता आवश्यक छ ।

## Opinion @ Social Network

चट्टान जस्तै मजबुत बन्ने कोशिस गर्दैछु ताकी
दुखाई मलाई होइन, प्रहार गर्नेलाई नै होस् ।
*(मधुमाया रानाको फेसबुक स्टाटस https://www.facebook.com/Madhumaya.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मिटरब्याज, लघुवित्त पीडित र उदासीन राज्य



विष्णुप्रसाद खनाल

*कालो धनलाई सेतो धन बनाउने माध्यम बनेको सहकारी तथा लघुवित्तमा देखिएको बदमासीले देशमा जनताले सास्ती पाउन थालेका छन् । वचत गर्दा भविष्यमा सहजता हुन्छ र अफ्ठ्यारो परेको समयमा यसले सहयोग गर्ने हेतुका साथ मानिसहरूले सहकारी तथा लघुवित्तमा आफूसँग रहेको रकम निक्षेप गर्ने गर्दछन् । एकातिर सहकारी तथा लघुवित्तको ठगी बढ्दै जाने अर्कोतिर बैंकहरूमा रहने निक्षेपको बीमा रकम थोरैमात्र हुने भएकाले निक्षेपकर्ताको निक्षेप जोखिममा पर्न थालेको हो ।*

देशमा अहिले आर्थिक गतिविधि सुस्ताएको छ भने विभिन्न समस्याहरू देखापर्न थालेका छन् । सम्भावनाको खानी तथा व्यवस्थापनका हुँदाहुँदै पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाहरूमा पनि विभिन्न समस्या देखापर्न थालेका छन् । केही दिन अघिमात्रै देशको एक वाणिज्य बैंक राष्ट्रिय वाणिज्य बैंकमा उक्त बैंकका कर्मचारीले नै ग्राहकले जम्मा गरेको करोडौं रुपैयाँ हिनामिना गरे । त्यति मात्रै होइन एनआइसी एसिया बैंकमा खराब कर्जाको उच्चतम बिन्दुको कारण उक्त बैंक आर्थिक संकटमा पर्न थालेको भन्ने समाचार बाहिर आयो । देशमा एकातिर लघुवित्त तथा सहकारीमा देखिएको आर्थिक अनियमिताले गर्दा निक्षेपकर्ताको निक्षेप नै डुब्ने अवस्था देखापर्‍यो । यी घटानाहरू मात्रै होइन देशमा मिटरब्याजी पीडितहरू पश्चिम नेपालको महेन्द्रनगर र पूर्वी नेपालको काँकडभित्ताबाट पैदल हिँडेर आफ्ना माग पूरा गराउन तथा गरिएको सम्झौता कार्यान्वयन गराउन काठमाडौं आएका छन् भने उनीहरूले संसद् भवनमा समेत प्रवेश गरेर नाराबाजी गरेका छन् ।

मिटरब्याजमा पैसा लगानी गर्नेलाई राज्य तथा राजनीतिक दलहरूले संरक्षण गरेपछि यस्तो समस्या आएको हो । गलतलाई गलत भन्ने र अपराधीलाई अपराधी भन्न नसक्ने तथा कारबाही नगर्ने प्रकृतिका कारण यस्ता समस्या विकराल बन्दै गएका हुन् । यस्ता समस्याले देशमा देखापरेको आर्थिक अनियमितता तथा आर्थिक बदमासीलाई अझ संरक्षण गर्न मद्दत पुगेको छ । कालो धनलाई सेतो धन बनाउने माध्यम बनेको सहकारी तथा लघुवित्तमा देखिएको बदमासीले देशमा जनताले सास्ती पाउन थालेका छन् । वचत गर्दा भविष्यमा सहजता हुन्छ र अफ्ठ्यारो परेको समयमा यसले सहयोग गर्ने हेतुका साथ मानिसहरूले सहकारी तथा लघुवित्तमा आफूसँग रहेको रकम निक्षेप गर्ने गर्दछन् । एकातिर सहकारी तथा लघुवित्तको ठगी बढ्दै जाने अर्कोतिर बैंकहरूमा रहने निक्षेपको बीमा रकम थोरैमात्र हुने भएकाले निक्षेपकर्ताको निक्षेप जोखिममा पर्न थालेको हो । जबसम्म अपराधीलाई राजनीतिक संरक्षण गरिन्छ । राजनीति गर्नेहरू नै सरकारी तथा लघुवित्तका सञ्चालक बन्न पुग्छन् । त्यसपछि आर्थिक दुर्दशा सुरु हुन्छ । कतिपय अवस्थामा कस्तो क्षेत्रमा लगानी गर्ने, कस्तो क्षेत्रबाट कर्जा लिने भन्ने कुराको जानकारी नभएकाले पनि देशमा निक्षेपकर्ताको लगानी जोखिममा पर्दै गएको छ भने अर्को तर्फ राजनीतिक संरक्षणमा सहकारी, लघुवित्त र मिट्र्ब्याजीहरू रहिरहने प्रवृत्तिले आर्थिक क्षेत्रमा राजनीतिक संरक्षण हावी हुन थालेको हो । यस्तो अवस्थामा देशमा गलत प्रवृत्तिका मानिसले नै राजनीतिक क्षेत्रमा प्रभाव पारिरहेको र उनीहरूकै सहभागिता तथा पक्षमा बन्ने कानुन तथा नियमहरूले पनि उनीहरूकै सरक्षण गर्दै आएको छ । बैंकिङ तथा वित्तीय क्षेत्र कार्यहरू खासगरी निक्षेप स्वीकार गर्ने, कर्जा प्रदान गर्ने, कोषको स्थानान्तरण गर्ने, साखको सिर्जना गर्ने तथा ग्राहक अभिकर्ताको कार्य गर्दा पारदर्शिता अवलम्बन गर्न सकिएन र त्यसमाथि राजनीतिक प्रभाव ढ्न थाल्यो भने देशमा वेथिति बढ्ने मात्रै होइन त्यसको प्रत्यक्ष प्रभाव जनता, निक्षेपकर्ता तथा एवं ऋणीहरूमा पर्न जान्छ । एकातिर देश आफैंमा कमजोर बन्दै गएको अवस्थामा हुने राजनीतिक संरक्षणले आर्थिक पक्ष थप धराशायी बन्दै जानसक्छ । बैंकिङ तथा वित्तीय संस्थाहरूको संख्यामा वृद्धि भएरमात्रै वा लघुवित्त तथा सहकारीको संख्यामा वृद्धि हुँदा आर्थिक समृद्धि हुने होइन । अस्थित्वमा संस्थाहरूको कामकारबाहीमा पारदर्शिता आउन सकेन र सहकारी, लघुवित्त तथा वित्तीय संस्था सञ्चालकहरूले गर्ने आर्थिक अनियमितमा राजनीतिक संरक्षण हुन थाल्यो भने त्यसले अपराधीकरणलाई बढावा दिन सक्छ । यहाँनेर मुख्य तथा दुईवटा कुरामा ध्यान दिन आवश्यक देखिन्छ । पहिलो कुरा, कस्तो संस्थामा निक्षेप गर्ने, केका लागि निक्षेप गर्ने, केका लागि ऋण लिने, कस्ता क्षेत्रमा लगानी गर्ने ? त्यस्ता लगानीको प्रतिफलको ग्यारेन्टी के हुन्छ । बैंक तथा वित्तीय संस्थाको वित्तीय अवस्था कस्तो छ ? उनीहरूका लगानीमा क्षेत्रहरूको अवस्थाको पहिचान गरेर मात्रै लगानी तथा निक्षेप गर्न थालियो भने वा कर्जा लिन थालियो भने त्यस्तो कर्जा तथा लगानीले समस्या निम्त्याउने सम्भावना कम रहन्छ । दोस्रो कुरा, बैंक तथा वित्तीय क्षेत्र खासगरी सहकारी तथा लघुवित्त सञ्चालन गर्दा पारदर्शिता र जवाफ देहीतालाई ध्यान दिनु जरुरी छ भने अर्को तर्फ राज्य जनताको अभिभावक भएकाले उसले जनताका समस्यालाई समाधान गर्नु तथा सम्बोधन तथा समाधान गर्नु उसको कर्तव्य तथा दायित्व हो । जबसम्म अपराधीलाई संरक्षण दिने कार्य राज्यबाट वा राजनीतिक दलबाट गरिन्छ तबसम्म त्यसले उचित प्रतिफल दिन नसक्ने कुरा स्पष्ट छ । विचरणीय कुरा के हो भने जब अर्थतन्त्र तथा आर्थिक पक्षलाई राजनीतिसँग जोडेर हेर्ने गरिन्छ तब अर्थतन्त्र धराशायी हुन थाल्छ तर अर्थतन्त्र सुधार हुनका लागि राजनीतिक रूपले समस्यालाई सम्बोधन गर्नु जरुरी देखिन्छ । मिटरब्याज पीडितको समस्यालाई राज्यले सम्बोधन गर्नु आवश्यक देखिन्छ । राज्यले कमजोर जनतालाई संरक्षण गर्नुको सट्टा अपराधीलाई संरक्षण गर्न थाल्यो भने त्यसले देशलाई अराजकतातिर लैजान्छ । त्यसैगरी, देशमा राजनीति गर्ने, राज्यलाई सञ्चालन गर्ने, नीति बनाउनेले नै देशमा अपराधीहलाई संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिन थाले भने त्यसले समग्र राज्यलाई नै भ्रष्ट बनाउँछ । राज्यले लागू गरेका वित्तीय क्षेत्र सुधारका कार्यक्रम केवल कागजमै सीमित छन् ।

एकातिर हामीले सार्वजनिक र निजी क्षेत्रका साथै सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्रमा सुदृढ गर्ने नीति लिएको छ भन्दै जाने अर्को तिर अर्कोतिर बैंक तथा वित्तीय संस्थाहरूलाई नियमन गर्न नसक्ने, आर्थिक अपराधलाई प्रोसाहित गर्दै जाने हो भने त्यसले वित्तीय अराजकतालाई चुचुरोमा पुर्‍याउने र समस्या समाधान गर्न नसक्ने गरी देश थला पर्दै जानेछ । वित्तीय पहुँच अभिवृद्धि गर्ने सवालमा, महिला सशक्तीकरण, नेतृत्व विकास तथा क्षमता विकासको सवालमा, सामाजिक एकीकरण, उद्यमशीलता प्रर्वद्धन र गरिबी न्यूनीकरण यस क्षेत्रको महत्वपूर्ण योगदान गर्ने सहकारी तथा लघुवित्त क्षेत्रलाई नियमन गर्नु राज्यको दायित्व हो । राज्यको तर्फबाट, राजनीतिक तबरबाट समस्याको समाधान गर्नु जरुरी छ । तर, यहाँनेर एउटा कुरा के हेक्का राख्नु जरुरी छ भने जनताले आफ्नो थोरै-थोरै बचत गरेको राज्यले सुरक्षित गर्न सकेन भने त्यसले नकरात्मक सन्देश सिर्जना गर्न सक्छ र थप अराजकता निम्त्याउँन सक्छ । जनताले तिरेको करबाट सञ्चालन हुने र राज्यले देशभित्र हरेक सस्थाले गर्ने लगानीको सुरक्षा गर्नु आवश्यक छ । पछिल्लो समयमा सहकारी तथा लघुवित्त एवं बैंकहरूको क्रियाकलापको सघनता उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई वचत तथा ऋणको कारोबारमा बढी देखिएको छ । सिद्धान्त, मूल्य मान्यताको अनुशरणको अवस्था कमजोर छ । संस्था सुशासनको अभावले गर्दा समस्याग्रस्त अवस्थामा छन् । अत्याधिक संघसंस्थामा संघसंस्थाको विस्तार, दोहोरो सदस्यता, वित्तीय सुशासनको कमी जस्ता कारणले वित्तीय जोखिम छ । संघसंस्थाको संख्यात्मक विस्तारभन्दा गुणात्मक विकास गरी समुदायमा आधारित सदस्य केन्द्रित बनाउदैं ग्रामीण विपन्न समुदायसम्म विस्तार गर्नु, संविधानले निर्दिष्ट गरे अनुसार वित्तीय संस्थालाई मुलुकको समृद्धिको आधारको रूपमा स्थापित गर्नु र त्यसलाई नियमन गर्नु आवश्यक छ तर यस्तो भएको पाइदैंन । वित्तीय संस्थामा स्वनियमलाई समृद्ध तुल्याउदैं सुशासन कायम गर्नु महिला र सीमान्तकृत वर्गमा वित्तीय पहुँच अभिवृद्धि गर्दै जाने, गरिबी निवारण तर्फ केन्द्रित गर्दै जाने, यस क्षेत्रबाट परिचालन हुने वचत तथा ऋणको सुरक्षाका लागि नीतिगत र संस्थागत प्रबन्ध मजबुद्ध बनाउदैं जाने, वित्तीय क्षेत्रको ऋण ग्रस्तता अन्त्य गर्दै जानु विपन्न समुदायलाई आर्थिक सुरक्षाको प्रत्याभूति दिने माध्यमका रूपमा विकास गर्ने, वित्तीय क्षेत्रमार्फत परिचालित पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालित गर्ने, उत्पादन, रोजगारीको क्षेत्रमा वित्तीय क्षेत्रको योगदान अभिवृद्धि गर्ने र संघसंस्थाको नियमनलाई थप प्रभावकारी बनाउनुपर्ने अवस्थामा यस क्षेत्रमा बढ्दै गएको अनियमिता तथा आर्थिक अपराधलाई रोक्नु अपरिहार्य छ । आर्थिक अपराध विरुद्धको जनमतलाई बलियो बनाउन नसकिनु, निजी क्षेत्रको आर्थिक अनियमितालाई कानुनी दायरामा पूर्णरूपमा ल्याउन नसकिनु, छानबिन तथा अनुसन्धानको सबल प्रणालीको विकास गर्न नसकिनु, सार्जजनिक सेवा विशेषगरी खरिद तथा नागरिकसँग प्रत्यक्ष सरोकार रहने निकायबाट सम्पादन हुने कामकारबाही अनलाइन प्रणालीमा पूर्णरूपमा आबद्ध गर्न नसकिनु र सबै देश तथा स्थानीय तहमा विस्तार गरी सार्वजनिक सेवालाई अनुमानयोग्य बनाउन नसकिनु प्रमुख समस्या हुन् । त्यससँगै समाजमा मिटरब्याज जस्तो विकृतिलाई राज्यले संरक्षण गर्नु, राजनीतिक दलहरूले त्यस्ता व्यक्ति, समूह तथा संस्थालाई संरक्षण गर्नु अर्को समस्याको रूपमा देखिएको छ । जब कुनै समस्यालाई राजनीतिक रूपमा संरक्षण गरिन्छ, तब अपराधीहरूको मनोबल बढ्न थाल्छ । समाजमा नैतिक मूल्य मान्यताको विकास गरी भ्रष्टाचारलाई सामाजिक अपराधको रूपमा स्थापित गर्नु, सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिनु र भ्रष्टाचारजन्य कसुरमा नयाँ-नयाँ स्वरूप नियन्त्रण गरी समग्र सार्वजनिक सेवालाई अनुमानयोग्य बनाउनु पर्ने समयमा यदि राजनीतिक तबरबाट समस्या समाधान गर्न सकिएन, कानुनी मामदण्ड तय गर्न सकिएन भने अहिले देखिएका समस्याले जटिल रूप लिनसक्छ र त्यस प्रति राज्य उदासीन बन्नु हुदैंन । तसर्थ वित्तीय अपराध तथा वित्तीय समस्यालाई राजनीतिक तथा कानुनी तवरबाटै समाधान गरिनुपर्छ । आगामी दिनमा वित्तीय ठगीले स्थान पाउनु हुदैंन ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : उमङ्ग र उत्साहमा कमी आउनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।
**वृष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ।
**मिथुन** : बन्दव्यापार र पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ।
**कर्कट** : रमाइलो भेटघाट र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ ।
**सिंह** : कार्य सम्पादनमा समस्या आउला। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।
**कन्या** : धार्मिक कार्यमा सरिक भइनेछ । जटिल कामसमेत सम्पादन हुनसक्छ ।
**तुला** : हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सफलता मिल्नेछ ।
**वृश्चिक** : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । कार्यमा सफलता मिल्नेछ ।
**धनु** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । नरमाइलो समाचार पनि सुनिएला।
**मकर** : शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुन: सुरु हुन सक्छन्।
**कुम्भ** : तपाईंलाई आफन्तले कुनै न कुनै माध्यमबाट सहयोग गर्नेछन् ।
**मीन** : अवसरले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउनेछन् ।

## मनोरञ्जन

# ‘उपहार’को चरित्रमा मैले जोखिम मोलेको हुँ : पूजा



अभिनेत्री पूजा शर्माले ‘प्रेमगीत’पछि रोमान्टिक भूमिकामा मात्र आफूलाई सीमित राखेकी थिइन् । तर, अब उनी चरित्रमा विविधता दिन खोजिरहेकी छन् । फिल्म ‘दान्भी’मा उनी एक्सन भूमिकामा देखिदैं छिन् । यही शुक्रबार ‘फागुन २५ गते’बाट प्रदर्शन हुन लागेको फिल्म ‘उपहार’मा भने उनी नकारात्मक लाग्ने चरित्रमा छिन् । पैसाका लागि ‘सुगर ड्याडी’ बनाउने चरित्रमा उनले काम गरेकी छन् ।

पूजाले निर्वाह गरेको भूमिका पहिला अभिनेत्री बेनिशा हमाललाई अफर गरिएको थियो । तर, उनले यसमा आफू नसुहाउने बताएपछि पूजाले काम गरेकी हुन् । ‘प्राय:ले फिल्ममा आफूलाई नकारात्मक भूमिकामा देखाउन चाहदैंनन् । तर, एउटा कलाकार भएपछि जुनसुकै चरित्र पनि निभाउनु पर्छ । यो मेरो लागि नयाँ चिज हो भन्ने मलाई भयो । मैले चरित्रमा जोखिम नै मोलेको हो’, पूजा सुनाउँछिन् । आफ्नो अपोजिटमा शिशिर राणा भएकाले काम गर्न सजिलो भएको उनको अनुभव छ । किनकि, राणासँग उनले यस अघि पनि काम गरिसकेकी छन् । तर, पूजा आफैंलाई भने नकारात्मक चरित्र मनपर्दैन । ‘उपहार’मा नकारात्मक चरित्र निभाउँदाको अनुभवबारे उनी भन्छिन्, ‘यो चरित्र निभाइरहँदा कस्तो नराम्रो देखिँदो रहेछ भन्ने भयो । तर कलाकारले जस्तो पनि चरित्र निभाउनु पर्छ ।’ उनले फिल्ममा आफूले निभाएको जस्तो चरित्र समाजमा धेरै देखेकी छन् । उनले त्यस्तो काम नगर्न सल्लाह पनि दिने गरेकी छन् । फिल्ममा उनको चरित्रको नाम पनि ‘पूजा’ नै हो । गाउँबाट सहर झरेकी युवतीको भूमिकामा आफूले काम गरेको उनी बताउँछिन् । ‘मेरो चरित्रले गलत बाटो पनि अपनाउँछ । अहिलेका टिनएजमा भैरहेको घटनालाई मेरो चरित्रमार्फत् देखाएका छौं,’ उनी भन्छिन् । पूजाको बुझाईमा अहिले युवापुस्ताको ध्यान नै कसरी पैसा कमाउने भन्नेमा केन्द्रित छ । ‘उपहार’मा आफ्नो चरित्रबारे थप स्पष्ट पार्दै उनी अगाडि भन्छिन्, ‘फिल्ममा पूजालाई पनि जस्तोसुकै काम गरेर भए पनि पैसा कमाउनु पर्छ भन्ने लाग्छ । तर उसमा आफूले गलत काम गरिरहेको छु र त्यो गर्नु हुदैंन भन्ने सोंच पनि हुन्छ ।’ फिल्ममा उनको जोडी नव अभिनेता समर्पणजंग कार्कीसँग बाँधिएको छ । ***-फिल्मी खबर डटकम***

# हरिवंश भन्छन्, ‘हिटलर चरित्र निर्वाह गर्न चाहन्छु’



अभिनेता हरिवंश आचार्य आगामी चैत ९ गते रिलिज हुने फिल्म ‘महाजात्रा’मा खलनायकको चरित्रमा देखिदैंछन् । फिल्मको फर्स्टलुक र टिजरमा उनलाई भिलेनका आंशिक रूप देखाइरहँदा आइतबार सार्वजनिक ट्रेलरमा उनको विस्तृत झलक देखाइएको छ । ट्रेलर सार्वजनिक पछि हरिवंशले आफ्नो ‘भिलेन’ अनुभव सुनाए । ‘फिल्मका लागि ‘हिरो’ र ‘भिलेन’ दुवै चरित्र आवश्यक छ । जसरी बत्ती बाल्नका लागि पोजेटिभ र नेगेटिभ तार चाहिन्छ । त्यसरी नै फिल्मको बत्ती बाल्नका लागि पनि हिरो र भिलेन आवश्यक पर्छ,’ उनले भने ।

हरिवंशले फिल्ममा अझ दमदार ‘भिलेन’को भूमिकामा अभिनय गर्ने इच्छा रहेको सुनाए । ‘म हिटलर चरित्र निर्वाह गर्न चाहन्छु । किनकि मैले हरिबहादुरको जस्तो चरित्र पनि निभाएँ । त्यसकारण अझ शक्तिशाली चरित्रमा आफूलाई उभ्याउन चाहन्छु,’ उनले भने । हरिवंशका अनुसार नकारात्मक चरित्र खेल्दा उनले ढुंगाको चोट पनि खाएका छन् । ‘म गुहेश्वरी मन्दिरमा पुग्दा त्यहाँ फूल बेच्ने एक महिलाले मलाई ढुंगाले नै हिर्काउनु भयो । किनकि मैले नकारात्मक चरित्र निर्वाह गर्दा त्यो उहाँलाई मनपरेको रहेनछ,’ उनले आफ्नो किस्सा सुनाए । हरिवंशले ‘महाजात्रा’मा राम्रो मान्छे कसरी नराम्रो बन्छ भन्ने कुरा आफ्नो चरित्रमा दर्शकले हेर्न पाउने बताए । ‘मेरो चरित्र देशलाई भीरबाट खसाउने खलपात्रको छ,’ उनले भने । ‘महाजात्रा’का लेखक तथा निर्देशक प्रदीप भट्टराईले बेरोजगार युवालाई राजनीतिक दलका नेताले कसरी दुरुपयोग गरेका छन् भनेर देखाउनका लागि ‘महाजात्रा’ बनाएको खुलाए । ‘म सिक्वेलभन्दा अलिक फरक कथामा फिल्म बनाउन चाहन्थेँ । ‘जात्रा’ र ‘जात्रैजात्रा’ पछि अलिक फरक कथामा फिल्म बनाउन मन थियो । तर युवालाई कसरी नेताले दुरुपयोग गरिरहेका छन् भन्ने कुरा दिमागमा आएपछि ‘महाजात्रा’ लेखेँ,’ उनले भने । ट्रेलरमा बेरोजगार युवाहरूका पैसा कमाउने चाहना र पैसा कमाउनका लागि उनीहरू कुन हदसम्म काम गर्छन् भन्ने कथा देखाइएको छ । फिल्ममा हरिवंश आचार्य, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा अर्जुनजंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, दिव्यदेव, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको पनि अभिनय छ । म्याक्स दीपेश खत्रीसँगै यज्ञश्वर पौडेल निर्माता रहेको फिल्मको अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार एमएसएम इन्टरटेनमेन्टले खरिद गरेको छ ।

फिल्ममा जितबहादुर रुवालीको सहायक निर्देशन, पुरुषोत्तम प्रधानको छायाकार, कुमार महर्जनको द्वन्द्व, कविराज गहतराजको नृत्य, आशिष अविरलको संगीत, शमशेर लामा शृंगार र रूपकप्रताप अधिकारीको प्रोडक्सन डिजाइन छ ।

***-रातोपाटी डटकम***

# निर्देशनमा किन आफ्नोपन दिन सक्दैनन् नेपाली निर्देशक ?



*निर्देशकले सिनेमामा त्यही ब्राण्ड भ्यालु बेच्ने हो । तर, नेपालमा विरलै कोही त्यस्तो निर्देशक होला, जसका सिनेमा हेर्दा उसको मौलिकपन चलचित्रमा देखिन्छ । क्रेडिटलाइन नहेरी यो चलचित्र यसको भनेर जो कोहीले पहिचान गर्न सक्ने निर्देशक विरलै होलान् । सिनेमा हेर्दा कुन कसको भनेर थाहा हुनुपर्ने अभिनेता नाजिर हुसेनको धारणा छ । त्यसो हुन नसकेको उनको अनुभव छ । निर्देशकमुखी सिनेमा निर्माण हुनुपर्नेमा उनको जोड छ ।*

केही वर्षयता चर्चामा रहेका र राम्रो हाइप बनाएका नेपाली चलचित्र हेर्ने हो भने तिनमा त्यति ठूलो अन्तर भेटिदैंन । लोकल परिवेशमा हुने राजनीति, त्यसले समाजलाई पार्ने प्रभाव अनि सिनेमामा प्रमुख पात्र वा तिनको वरिपरि घुम्ने व्यक्तिको प्रेमप्रसंग नै अहिलेका चलचित्रका मुख्य विषय हुन् । सोसल ड्रामा, राजनीतिक वा कसैले सोसियल पोलिटिकल भने पनि सिनेमामा हुने कथा नै यही हो । विषय मात्र होइन, सिनेमाको ट्रिटमेन्टमा पनि उति धेरै फरक हुदैंन । ठाँटबाँट पार्ने राजनीतिज्ञ, सामान्य भेष र निम्नस्तरको पारिवारिक पृष्ठभूमिको मुख्य पात्र अनि थोरै कमेडीमा अहिलेका चलचित्र केन्द्रित छन् । क्रेडिटलाइन नहेर्ने हो भने कसको अर्थात् कुन निर्देशकको सिनेमा भनेर छुट्टिदैन । यो स्वयं निर्देशक, निर्माता र कलाकार नै स्वीकार गर्छन् । कुशल निर्देशक त्यो हो, जसको सिनेमामा आफ्नै छुट्टै पहिचान हुन्छ । त्यो नै निर्देशकको ब्रान्ड हो । निर्देशकले सिनेमामा त्यही ब्राण्ड भ्यालु बेच्ने हो । तर, नेपालमा विरलै कोही त्यस्तो निर्देशक होला, जसका सिनेमा हेर्दा उसको मौलिकपन चलचित्रमा देखिन्छ । क्रेडिटलाइन नहेरी यो चलचित्र यसको भनेर जो कोहीले पहिचान गर्न सक्ने निर्देशक विरलै होलान् ।

सिनेमा हेर्दा कुन कसको भनेर थाहा हुनुपर्ने अभिनेता नाजिर हुसेनको धारणा छ । त्यसो हुन नसकेको उनको अनुभव छ । निर्देशकमुखी सिनेमा निर्माण हुनुपर्नेमा उनको जोड छ । ‘डिरेक्टर आफैंमा ब्रान्ड हुनुपर्छ । यो लय यो निर्देशकको हो भन्ने पहिचान सिनेमामार्फत निर्देशकले बनाउनुपर्छ,’ नाजिर भन्छन्, ‘विभिन्न कथा र जानरामा काम गर्ने रहर निर्देशकलाई हुन्छ होला, त्यो स्वाभाविक पनि हो । तर, कुशल निर्देशकले जुनसुकै चलचित्र बनाए पनि उसको लय आउँछ भन्ने मेरो बुझाइ छ ।’ यस्तो खालको सिनेमा यो निर्देशकले बनाउँछ भन्ने बुझाइ हुनुपर्ने उनको भनाइ छ । ‘एक दुईजना नेपाली निर्देशकमा त्यो टेक्सचर आउने गरेको छ । जस्तै, मीन भाम दाइको सिनेमामा त्यो देखिन्छ । यो सिनेमामा को कलाकार छ भन्दा पनि यो मीन भाम दाइको सिनेमा हो भन्ने थाहा हुन्छ,’ नाजिर भन्छन्, ‘कोही निर्देशकको सट स्ट्याब्लिस होला । कसैको लार्ज क्यानभास होला । भारतमै सञ्जय लीला भन्साली र राजकुमार हिरानीका सिनेमा हेर्दै यो उनीहरूकै सिनेमा हो भनेर चिनिन्छ । कोरिया, जापान, इरानमा यस्ता निर्देशक थुप्रै छन् । सिनेम्याटिक वेमा निर्देशकले आफूलाई चिनाउन सक्छ ।’ छायांकन सेटमा निर्देशक बलियो हुनुपर्नेमा उनी जोड दिन्छन् । सेटमा पुगेपछि स्क्रिप्ट भन्दा बाहिर जाने कलाकारलाई आफ्नो नियन्त्रणमा लिन सक्नुपर्ने उनको भनाइ छ । ‘निर्देशक यति बलियो हुनुपर्छ, सिनेमाका लागि उहाँले दिमागमा बनेको इमेज, क्यारेक्टर भन्दा बाहिर जाने कलाकारको टुप्पी समाएर ठाउँमा ल्याउन सक्नुपर्छ,’ नाजिर भन्छन्, ‘तिम्रो क्यारेक्टर यति हो, यो दायराभन्दा बाहिर जान पाउदैंनस् भनेर भन्न सक्यो मात्रै भने पनि निर्देशकको आफ्नोपन केही हदसम्म देखिन्छ होला ।’ स्क्रिप्टको भाषामा ‘दिइएको परिस्थिति’ भन्ने हुन्छ । त्यस भन्दा बाहिर जान नदिइए निर्देशकको काम देखिने उनको भनाइ छ । अक्सर चलचित्रलाई निर्देशकको भ्वाइस भनिन्छ । तर, नेपालमा सिनेमामा निर्देशकले आफ्नो भ्वाइस राख्न नपाउने अवस्था रहेको चलचित्र निर्माता रामकृष्ण पोखरल बताउँछन् । केका निम्ति सिनेमा बनाइदैं छ भन्ने विषयले अर्थ राख्ने उनको टिप्पणी छ । निर्देशकको भ्वाइसका लागि भन्दा पनि पैसा कमाउन सिनेमा बनाउने भन्ने मान्यता नेपालमा हाबी भइरहेको उनी स्पष्ट पार्छन् । ‘पैसा कमाउने चक्करमा लागेपछि निर्देशकले कुन कथा उठाएर के भन्ने भन्दा पनि बजार कहाँ छ, बजारमा कस्तो वेभ छ, त्यस तर्फ सबै केन्द्रित भइरहेको छ । हरेक कमर्सियल इन्डस्ट्रीमा यो समस्या हुन्छ,’ रामकृष्ण भन्छन्, ‘हलिउड होस् वा बलिउड । अथवा, अरू कुनै पनि कमर्सियल फिल्म इन्डस्ट्रीमा कुनै एक किसिमको सिनेमा चल्यो भने त्यस्तै चलचित्र बनाउने लहर नै चल्छ । नेपाली सिनेमा उद्योग पनि कमर्सियल हुँदा निर्देशकले आफ्नोपन सिनेमामा दिन सक्ने/सकेको अवस्था छैन ।’

पैसा कमाउनु पर्ने सिनेमा बनाउने बाध्यतामा निर्देशक रहँदा इन्डिभिजुअल कथा आफ्नै तरिकाले भन्न नसकेको उनको बुझाइ छ । खाली पेटमा कला नहुने उनी टिप्पणी गर्छन् । सिनेमा उद्योग भइसकेको र यसलाई पेसा बनाइसकेको अवस्थामा निर्देशक पैसा कमाउनै पर्ने बाध्यतामा हुने रामकृष्ण बताउँछन् । ‘यदि, कुनै निर्माता वा निर्देशकलाई पैसा कमाउनैपर्ने बाध्यता भएन भने कुनै फरक खालको कथामार्फत स्ट्रङ भ्वाइस अगाडि ल्याऔं भनेर काम हुन्छ,’ उनी भन्छन्, ‘हाम्रोमा सिनेमाले पैसा कमाउनै पर्ने बाध्यता छ । कोरिया, जापान, इरानलगायत कति देशमा फरक कथा र स्ट्रङ भ्वाइस भएको कथामा सरकारले नै लगानी गर्छ । जसका कारण निर्देशकले ढुक्कले आफ्नै तरिकाले सिनेमाको कथा भन्न पाउँछ, जहाँ उसले आफ्नो निर्देशकीय कला स्वछन्द तरिकाले देखाउन पाउँछ ।’ पैसा कमाउने बाध्यता नहुँदा मात्र फरक कथा, नयाँ तरिकाको स्टोरी टेलिङ र भ्वाइस आउने सम्भावना उच्च हुने उनको निष्कर्ष छ । नयाँ प्रयोग गर्न प्रोत्साहित गर्ने संस्था वा सरकारको आवश्यकता औंल्याउदैं उनी यस्तो वातावरण भएका देशमा निर्देशकले आफ्नो क्षमता देखाउन पाउने बताउँछन् । ‘हाम्रोमा कुनै पनि सरकारी तथा गैरसरकारी निकायले सिनेमा बनाउन सहयोग गर्दैन । व्यक्ति विशेषले लगानी गरेको सिनेमामा पैसा कमाउनै पर्ने बाध्यतामा निर्देशक हुन्छ,’ रामकृष्ण अगाडि थप्छन्, ‘सिनेमा पनि नाफामूलक व्यवसाय जस्तै भयो । त्यसैले अहिलेको समस्या आएको हो भन्ने लाग्छ ।’ सरकारले चाहेको खण्डमा नेपाली निर्देशकले पनि आफ्नो क्षमता देखाएर बेग्लै पहिचान बनाउन सक्ने उनको जिकिर छ । सरकार सिनेमा उद्योगप्रति केही उदार भए मात्र पनि यसतर्फ धेरै हदसम्म काम हुने उनको ठहर छ । ‘चलचित्र विकास बोर्डले हरेक वर्ष विकास शुल्कका रूपमा उठाउदैं आएको १०/१५ करोड रुपैयाँ सिनेमा निर्माणमा लगानी गरे मात्रै धेरै काम हुन्छ । हाम्रो माग नै यही हो,’ निर्माता रामकृष्ण भन्छन्, ‘हामीले किन राम्रो सिनेमा बनाउन सकिरहेका छैनौं, विश्वलाई देखाउने सिनेमा किन बनेनन् भन्दा पैसा कमाउनै सिनेमा बनाउने प्रचलन वा बाध्यता भएर हो ।’ सरकारी फन्ड नभएसम्म आर्ट मुभी बनाउन नसकिने र निर्देशकीय क्षमता देखिने गरी काम नहुने उनी स्पष्ट पार्छन् । निर्देशक दीपेन्द्र के खनाल केही वर्ष यता अधिकांश सिनेमा धेरै हदसम्म एकअर्कामा नजिक रहेर बनाइएको बताउँछन् ।

‘हामी सिनेमा चलेन चलेन भनेर भनिरहेका छौं, तर किन चलेनन् ?,’ दीपेन्द्र भन्छन्, ‘हरेक सिनेमा करिबकरिब उस्तै छन् । दर्शक हरेक हप्ता एकै प्रकारका सिनेमा हेर्न किन यति महँगो टिकट काटेर जान्छन् ?’ जति सिनेमा आए पनि त्यति धेरै भिन्नता नहुने उनी स्वीकार गर्छन् । कुन निर्देशकको सिनेमा भनेर छुट्टै निर्देशकीय पहिचान चलचित्रमा देखिनु पर्नेमा त्यसो हुन नसकेको उनको भनाइ छ । ‘केही वर्ष देखि नेपाली सिनेमा हेर्ने हो भने करिबकरिब उस्तै कथा, मेकिङ र स्टोरी टेलिङमा नेपाली सिनेमा आइरहको यथार्थ हो,’ दीपेन्द्र भन्छन्, ‘निर्देशकको छुट्टै पहिचान दिने खालको सिनेमा बनिरहेका छैनन् ।’ हरेक वर्ष उस्तै उस्तै चलचित्र ल्याइनु नै नेपाली सिनेमाको कलेक्सन र बजार कमजोर हुनुको मुख्य कारण भएको उनको ठहर छ । फरकफरक निर्देशकका सिनेमा भिन्न हुनुपर्नेमा उनी जोड दिन्छन् । सिनेमाले नै निर्देशकको पहिचान बोल्नुपर्नेमा त्यसो हुन नसकेको दीपेन्द्र बताउँछन् ।

***-बाह्रखरी डटकम***

# रेडक्रस सोसाइटी युजुरेसको स्थापना दिवसमा वक्तृत्वकला



**पाल्पा,** फागुन २२/नेपाल रेडक्रस सोसाइटी युवा जुनियर रेडक्रस सर्कलको ६० औं स्थापना दिवसको अवसरमा विद्यालयस्तरीय रेडक्रस वक्तृत्वकला प्रतियोगिता भएको छ । नेपाल रेडक्रस सोसाइटी श्रीनगर उपशाखा तानसेन र पाल्पा प्यारागन बोर्डिङ स्कुल युवा जुनियर रेडक्रस सर्कलको आयोजनामा उपशाखाका विद्यालयस्तरीय रेडक्रस वक्तृत्वकला प्रतियोगिता भएको हो ।

"स्वयंसेवा कार्यमा युवा जुनियर रेडक्रसको भूमिका" शीर्षक श्रीनगर उपशाखा मातहतका विद्यालयहरूहरु बीच वक्तृत्वकला प्रतियोगितामा भएको हो । प्रतियोगितामा जनता माविका युजुरेस सुरज डाँगी प्रथम, सेन्ट कपितानियो स्कुलका युजुरेस कुन्दन थापा द्वितीय, पाल्पा प्यारागन स्कुलका युजुरेस आरति बस्याल तृतीय र जनता मावि युजुरेसका सइली ज्ञवालीले सान्त्वना स्थान प्राप्त गरेका थिए । विजयी विद्यार्थीलाई नगद पुरस्कार सहित प्रमाण पत्र प्रदान गरिएको थियो । प्रयोगितामा निर्णायकको भूमिकामा रेडक्रस गौतम बुद्ध उपशाखाका सभापति चित्रवलीराम सुवाल र मणिमुकुन्द उपशाखाका सभापति शकुन्तला बज्राचार्य रहेका थिए ।

विजयी विद्यार्थीहरूलाई बधाई तथा शुभकामना सहित श्रीनगर उपशाखा र पाल्पा प्यारागन स्कुलको उत्तरोत्तर प्रगतिको कामना सहित प्रमुख अतिथि बाबुरत्न शाक्य, विशिष्ट अतिथि केशवराज नेपाल र गौतम बुद्ध उपशाखाका सभापति चित्रवलीराम सुवालद्वारा शुभकामना मन्तव्य व्यक्त गरिएको थियो । पाल्पा प्यारागन स्कुलका प्रिन्सिपल गंगाबहादुर खत्रीद्वारा गतिविधिको जानकारी सहित रेडक्रस मनहरू सबैमा धन्यवाद ज्ञापन गरेका थिए । पाल्पाको तानसेनमा रहेको श्रीनगर उपशाखा रेडक्रस अभियानलाई अघि बढाउने क्रियाशील उपशाखा र प्यारागन युजुरेस सर्कल क्रियाशील सर्कलको रूपमा रहदै आएको छ ।

प्यारागन स्कुलको सभाकक्षमा आयोजित कार्यक्रममा श्रीनगर उपशाखाका सभापति पुष्करराज रेग्मीको अध्यक्षता पाल्पा प्यारागनकी युजुरेस दिया रेश्मीको स्वागत र युजुरेस सदस्य केकी बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# जनशक्तिको अभावले भिडियो एक्स-रे सेवा ठप्प

**अर्घाखाँची,** फागुन २२/अर्घाखाँचीको छत्रदेव गाउँपालिकामा रहेको बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा दक्ष जनशक्ति नहुँदा भिडियो एक्स-रे सेवा सञ्चालन हुन सकेको छैन । छत्रदेव गाउँपालिका-२ बल्कोटमा रहेको यस प्राथमिक केन्द्रमा दुईवटा भिडियो एक्स-रे उपकरण रहे पनि दक्ष जनशक्तिको अभावमा एक वर्षदेखि सो सेवा सञ्चालन हुन नसकेको त्यहाँका प्रमुख विष्णु खनालले बताए ।

भिडियो एक्स-रे गर्ने चिकित्सक अध्ययन बिदामा गएपछि विगत एक महिनादेखि यस्तो समस्या भएपछि सेवाग्राही भिडियो एक्स-रे गर्न जिल्ला अस्पताल सन्धिखर्क र निजी क्लिनिकमा जान बाध्य भएका छन् । भिडियो एक्स-रे सञ्चालन नहुँदा गर्भवती बढी मर्कामा परेका छन् । चिकित्सक आरोग्य खनालले बताए । उक्त केन्द्रमा चौबिस घण्टा प्रसूति सेवा, ओपिडी, ल्याब, बीमालगायत सेवाहरु प्रदान हुँदै आएकाले अर्घाखाँचीको छत्रदेव गाउँपालिका, पाणिनी गाउँपालिका र गुल्मीको छत्रकोटका बासिन्दा पनि लाभान्वित हुँदै आएका थिए ।

जर्नल एक्स-रे पनि दक्ष जनशक्तिको अभावमा सोही केन्द्रका कार्यालय सहयोगी रेनुप्रसाद खनालले सञ्चालन गर्दै आएका थिए । तालिमको भरमा सात वर्षदेखि एक्स-रे सञ्चालन गर्दै आएकामा अहिले प्राविधिक समस्याका कारण यो पनि चालाउन नसकिएको उनको भनाइ थियो । *-रासस*

## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- आफ्नो घर वरिपरी झाँडी नराखौं र सधैं वातावरण सफा राखौ ।

लुम्बिनी प्रदेश सरकार
**गृह मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

**वर्गिकृत डिस्प्ले**
*१ X ५ साइजमा मात्र*
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## खेलकुद समाचार

# नेपाल नेदरल्यान्ड्ससँग ४ विकेटले पराजित



**काठमाडौं,** फागुन २२/त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको मंगलबार खेलिएको फाइनल खेलमा घरेलु टोली नेपाल पराजित भएको छ । कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा खेलिएको खेलमा नेदरल्यान्ड्सले नेपाललाई चार विकेटले हराएको हो ।

कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जिती पहिले ब्याटिङको निर्णय लिएको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय ८४ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेदरल्यान्ड्सले १९.३ ओभरमा ६ विकेट गुमाएर एक सय ८९ रन बनाउँदै विजयलक्ष्य पार गऱ्यो । नेदरल्यान्ड्सको जितमा ओपनर ब्याट्सम्यान माइकल लेभिटले ५४ रनको योगदान गरे । डच टोलीका लागि साइब्रान्डले पनि ४८ रनको योगदान गरे । बिक्रमजित सिंहले २९ रन बनाए भने म्याक्स ओड्डडले पनि २२ रन बटुले । टिम भान डर गुटेनले पनि टोलीको खातामा अविजित २१ रन थपे । उनले पाँच बलमा दुई छक्का र दुई चौका प्रहार गरे । रेलोफ भान डर मर्वे दुई रनमा अविजित रहे । नेदरल्यान्ड्सले अतिरिक्त रुपमा नौ रन पाएको थियो । नेपाली टोलीका बलर कुलश मल्ल एक्लैले चार विकेट लिए । उनले तीन ओभरमा ३३ रन खर्चिएका थिए । दीपेन्द्रसिंह ऐरी र अविनाष बोहराले पनि एक-एक विकेट हात पारे । प्रारम्भमा नेपाली टोलीका बलरहरु खासै प्रभावकारी देखिएका थिएनन् । त्यसैले नेदरल्यान्ड्सका ओपनर ब्याट्सम्यानले ८३ रनको साझेदारी गरेका थिए । पहिले ब्याटिङ गरेको नेपालका लागि ओपनर ब्याट्सम्यान आसिफ शेखले ४७ रनको योगदान गरेका थिए । आसिफ र कुशल भुर्तेलले ओपनिङ विकेटका लागि २३ रनको साझेदारी गरेका थिए । कुशल भुर्तेल २० रन बनाउँदै आउट भएका थिए । कप्तान रोहित पौडेलले २५ रन बनाए भने चौथो नम्बरका ब्याट्सम्यान गुलसन झाले टोलीका लागि ३४ रनको योगदान गरेका थिए । कुशल मल्लले पनि टोलीको खातामा २६ रन थपेका थिए । डच टोलीका बलर फ्रेड क्लासिन, टिम भान डर गुटेन, माइकल लेभिट र साइब्रान्डले दुई-दुई विकेट लिए । नेपालले अतिरिक्त रुपमा १० रन पाएको थियो । नेदरल्यान्ड्सको पहिलो विकेट कुशल मल्लले लिएका थिए । उनले डच टोलीका ओपनर ब्याट्सम्यान म्याक्स ओड्डडलाई २२ रनको ब्यक्तिग स्कोरमा दीपेन्द्रसिंह ऐरीद्वारा क्याच गराएका थिए । म्याक्सले २३ बलको सामना गरी एक छक्का र दुई चौका पनि हिर्काएका थिए । ८.१ ओभरमा म्याक्स आउट हुँदा नेदरल्यान्ड्सले ८३ रन बनाएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा उच्च अंकको गिरावट





**पाल्पा,** फागुन २२/सोमबार सकारात्मक सर्किट लागेर कारोबार समय अगावै बन्द भएको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार उच्च अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक ७० दशमलव ३१ अंकले घटेर दुई हजार सात दशमलव ६९ को बिन्दुमा कायम भएको हो ।

सोमबार एकैदिन परिसूचक एक सय १७ दशमलव ७० अंक अर्थात् छ प्रतिशतले बढेको थियो । उच्च अंकको वृद्धिपछि मंगलबार लगानीकर्ता नाफा बुकमा लाग्दा बजार घटेको हो । तीन सय छ कम्पनीको एक करोड १४ लाख ६७ हजार पाँच सय ९९ कित्ता ६९ हजार दुई सय आठ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ११ करोड ३६ लाख ७६ हजार नौ सय ५८ बराबरको कारोबार भएको छ । मंगलबारको कारोबारमा दुई सय १३ कम्पनीको शेयर मूल्य घट्दा ३३ कम्पनीको मात्रै बढेको छ । नेप्से परिसूचकसँगै सेन्सेटिभ इन्डेक्स तीन दशमलव २४ र फ्लोट इन्डेक्स तीन दशमलव ३७ प्रतिशतले घटेको छ । म्युचुअल फन्ड शून्य दशमलव ६६ प्रतिशतले बढ्दा अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै अन्य समूहको उपसूचक चार दशमलव ३५ प्रतिशतले घटेको छ । त्यस्तै, जलविद्युत समूह चार दशमलव ३० र उत्पादन तथा प्रशोधन चार दशमलव २० ले घटेको छ । बैंकिङ तीन दशमलव ०१, विकास बैंक तीन दशमलव ६५, वित्त दुई दशमलव ७५, होटल तथा पर्यटन तीन दशमलव ६९ र लगानी समूह तीन दशमलव ४८ प्रतिशतले घटेको छ ।

त्यसैगरी, जीवन बीमा समूह तीन दशमलव ४९, लघुवित्त एक दशमलव २७, निर्जीवन बीमा समूह दुई दशमलव ६० र व्यापार समूह दुई दशमलव १५ प्रतिशतले घटेको छ । गुँरास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मुल्य सबैभन्दा धेरै आठ दशमलव ७३ प्रतिशतले बढेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ भने जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ र बोटलर्स नेपाल (तराई) को शेयर मूल्य नौ दशमलव ४५ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएको शेयर संख्याका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एण्ड आयल लिमिटेडको रू ४१ करोड ९१ लाख २२ हजार सात सय ३५ बराबरको आठ लाख ५० हजार चार सय ६४ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१९६४, ५२१९६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई